# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम.५नं ,रुपन्देही ,प्रदेश


प.सं.: ०७६/०७७/प्रशासन

च.नं.: ४१८०

मितिः २०७७/०२/२७

विषयः कोभिड विशेष कृषि कार्यक्रमको प्रस्ताव आवहानको सूचना सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बुटवल, नेपालको मिति २०७७/२/१५ च.नं. २०७३ पत्र साथ प्राप्त कार्यक्रम अनुसार प्रस्ताव आवहानकोलागि यसै साथ सूचना एवं अनूसुची ३ र अनूसुची ५ तहाँ पठाइएको छ । सबै वडा बासीमा सूचना प्रवाह एवं मिति २०७७/०३/०९ भित्र निवेदकको प्रस्तावहरु संकलन गरी सहयोग पुऱ्याउनुहुन अनुरोध छ ।

२०७७/०२/२६

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम,५नं ,रुपन्देही ,प्रदेश

प.सं.: ०७६/०७७/प्रशासन

च.नं.:

**कोभिड विशेष कृषि कार्यक्रमको प्रस्ताव आवहानको सुचना !!!**

**(प्रथम पटक प्रकाशित मिति : २०७७०२।२७**

यस तिलोत्तमा नगरपालिका चालु आ.व २०७६/०७७ मा प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम संचालनका लागि यस तिलोत्तमा नगरपालिका भित्रका इच्छुक कृषक/कृषि फर्म/कृषि सहकारी/कृषक समुहले आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र( २०७७/०३/०९ गते भित्र) यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल विवरण**

१) विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम

२) पशु वा वालीको नाम : तरकारी खेती, फलफुल खेती, माहुरी पालन, कुखुरा पालन, बंगुर पालन, बाखा पालन, खोर निमार्ण

३) कार्यक्रम संचालन हुने स्थान : तिलोत्तमा नगरपालिकाका १७ वटै वडाहरु

४) कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्ड :

| क्र.स | बिवरण | क्षेत्रफल | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकाश प्रोत्साहन कार्यक्रम | तरकारी तथा फलफुलको हकमा कम्तीमा ३ देखी ५ कठ्ठामा, मौरी कम्तिमा ३ घार, च्याउ कम्तिमा ५० गोला, कुखुराको हकमा कम्तिमा ५० चल्ला, बंगर तथा बाखा पालनको हकमा कम्तिमा ५ वटा पाठापाठी पालन गर्ने कृषक कार्यक्रममा समावेश हुन सक्नेछन । | विल रकमको ७५% रकम वा बढिमा रु २००००।-(अक्षरुपी रु बिस हजार मात्र) | लाभग्राही १०० जना (वढिमा) |
| २ | वालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बीउ उत्पादक समुह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | धान, मकै | प्रति बिगाह बढिमा रु २००००।-(प्रति कठ्ठा रु १०००।-) वा विल रकमको ७५% रकम | क्षेत्रफल २० बिघा (वढिमा) |

**५) पेश गर्नु पर्ने कागजातहरु**

क) अनुसुची ३ अनुसारको निवेदन फारम

ख) निवेदकको परिचय खुल्ने प्रमाण पत्र वा नागरिकता र विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकोपी

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

घ) अनुसुची ४ अनुसारको प्रस्ताप ढाँचा

ङ) प्रस्ताव दर्ता गर्ने कार्यालय : सम्बन्धित वडा कार्यालय, कृषि शाखा वा पशु सेवा शाखा

माधव प्रसाद शर्मा

## अनुसूची-३
## प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा

श्रीमान् कार्यालय प्रमुख ज्यू
.....................।

**विषय: प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्वन्धमा तहाँ ............................................................को मिति २०७ .../ ... /.... गतेका दिन .......... ...............................मा प्रकाशित सूचना वा सूचना टास अनुसार ............................. ............................. म/हामी निवेदकले ............................. .............................कार्यक्रम अन्तर्गतको ........................................................................... कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-४ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

आवेदकको दस्तखत:

आवेदकको नाम:

ठेगाना:

मिति:

सम्पर्क नं.:

अनुसूची-४

## कार्यक्रमको प्रस्तावको ढाँचा

### खण्ड (क)

१) प्रस्तावक सम्वन्धी विवरण:

| | |
|---|---|
| प्रस्तावकको नाम: | |
| ठेगाना: | |
| सम्पर्क नं. | |
| नागरिकता नं...............जिल्ला......... | |
| स्वामित्वमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा...........हे |
| खेती गरिने जमिन किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको |

### खण्ड (ख)

२. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण

| क.सं. | कृषकको नाम थर | ठेगाना | बाली | गत बर्ष गरिएको खेती विवरण | | यस बर्ष गरिने खेती विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

### खण्ड (ग)

### प्रस्तावित कार्यको विवरण

३. प्रस्तावित कृयाकलापहरु:

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैपियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

५. उत्पादित बालीको बजार ब्यबस्थापन कसरी गरिनेछ

प्रस्तावकको तर्फबाट सही गर्नेको

नाम:

पद:

दस्तखत: मिति :

नोटः प्रस्तावको आवश्यकता अनुसार अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।